नयाँ पत्रिका

# नमोबुद्ध नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

**प्रदेश नम्बर ३, नेपाल**

# नमोबुद्ध नगरपालिकाको ईटा भट्टासम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०७५/०७/२९

यस नमोबुद्ध नगरपालिकाको नगरक्षेत्र भित्र सञ्चालित ईटा भट्टाबाट निश्रृत धुँवा, धुलो र ध्वनिबाट जनस्वास्थ्य र वातावरणमा प्रत्यक्ष नकारात्मक असर परी श्वासपश्वासजन्य तथा आँखाको रोग बढेको, पशु स्वास्थ्य, कृषि, वन जंगलमा समेत गम्भिर असर देखिन थालेको तथा जथाभावी गरिएको डिप बोरिंङको कारण भूमिगत जलश्रोतको स्तर घट्न गइ खानेपानीको चरम संकट आउने सम्भावना बढेको हुँदा नगर कार्यपालिकाको मिति २०७४/१२/०९ गतेको बैठकबाट आर्थिक वर्ष २०७५/७६ देखि ईटा भट्टाहरूको दर्ता र नवीकरण रोक्का गर्ने निर्णय भएको व्यहोरा विभिन्न समयमा पत्रमार्फत तथा पत्रपत्रिका एवं रेडियोलगायतका सञ्चार माध्यमबाट जानकारी गराइएको व्यहोरा पुनः सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै ईटा भट्टा सञ्चालनको लागि यस उपरान्त कुनै प्रकारको काम कारबाही अगाडि नबढाउन र नगरपालिकाको निर्णय विपरीत काम कारबाही अगाडि बढाएमा सोबाट पर्न जाने सम्पुर्ण असरको जिम्मेवारी स्वयं उद्योग व्यवसायीहरू नै रहने व्यहोरा जानकारी गराइन्छ। साथै वातावरणमैत्री हरित नगर बनाउने लक्ष्य अनुरुप भकुण्डेबेशी क्षेत्रमा कृषिजन्य कार्यक्रमलाई प्रोत्साहन दिन नगरपालिकाबाट प्याकेज कार्यक्रम लागु गरिने भएको हुँदा ईटा उद्योगहरूलाई जग्गा उपलब्ध नगराउन हुन सम्पूर्ण जग्गादाताहरूलाई अनुरोध गरिन्छ।

नमोबुद्ध नगरपालिका